☎ ०८८–५३००१९

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय

## रुकम (पश्चिम भाग)

कार्यालय कोड नं: ३१२०१५९०२६

प.सं. २०८२/८३ मितिः २०८२/०९/१३

च.नं. १३८

विषयः **सूचना टाँस सम्बन्धमा |**

श्री जिल्ला समन्वय समितिको कार्यालय, रुकुम (पश्चिम भाग) |
श्री जिल्ला प्रशासन कार्यालय, रुकुम (पश्चिम भाग) |
श्री पशु अस्पताल तथा पशु सेवा कार्यालय, रुकुम (पश्चिम भाग) ।
श्री प्रदेश लेखा इकाई कार्यालय, रुकुम (पश्चिम भाग) |
श्री चौरजहारी/मुसिकोट/आठविसकोट नगरपालिकाको कार्यालय, रुकुम (पश्चिम भाग) |
श्री बाँफिकोट/सानिभेरी/त्रिवेणी गाँउपालिकको कार्यालय, रुकुम (पश्चिम भाग) |

प्रस्तुत विषयमा आ.ब.२०८२/८३ को स्विकृत बार्षिक कार्यक्रम अनुसार कार्यक्रममा सहभागिताका लागि आवेदन पेश गर्ने सम्बन्धि सूचना (सूचना नं. ८, ९, १०) को प्रति ३ यसै पत्रसाथ संलग्न राखी पठाइएको छ, सूचना टाँस गरी सोको जानकारी यस कार्यालयमा पठाई दिनुहुन अनुरोध गरिन्छ ।

भरत बहादुर वस्नेत
निमित प्रमुख

☎ ०८८–५३००१९

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय

## रूकम (पश्चिम भाग)

कार्यालय कोड नं: ३१२०१५९०२६

पत्र संख्याः- २०८२/८३ दोश्रो पटक सूचना प्रकाशित मितिः २०८२/०९/१३

सूचना नं.-८

विषयः **लक्षित बर्ग बिशेष कार्यक्रममा सहभागिताका लागि आवेदन पेश गर्ने सम्बन्धि सूचना !!!**

यस कार्यालयको आर्थिक वर्ष २०८२/८३ को स्विकृत बार्षिक कार्यक्रम अनुसार प्रदेश सभा निर्वाचन क्षेत्र **(क)** र **(ख)** मा गरिबिको सूचकाङ्कमा निर्दिष्ट भए अनुसारका बिपन्न समूदायमा कृषि आयमूलक कार्यक्रम संचालन गर्न मितिः२०८२/०७/१२ मा प्रकाशित सूचना अनुसार उक्त समूदायबाट रित पूर्वक निबेदन प्राप्त नभएकोले लक्षित क्षेत्रका इच्छुक लक्षित बिपन्न समूदायबाट कार्यक्रममा सहभागिताका लागि आवेदन पेश गर्न दोश्रो पटक यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित मितिले ७ दिन भित्र (मिति २०८२/०९/२० गते सम्म) कार्यालय समयमा आवश्यक कागजातहरु संलग्न राखी आवेदन पेश गर्न सूचित गराइन्छ । म्याद नाघी वा रित नपुगी प्राप्त हुनआएका निबेदनउपर कुनै कारवाही हुने छैन। यस सम्बन्धी थप जानकारीका लागि कार्यालयको *Website: adorukumwest.karnali.gov.np* हेर्न वा कार्यालयको टलिफोन नं. *८८-५३००१९* मा सम्पर्क गर्न सकिने छ ।

आवश्यक कागजातहरु:

१. सम्बन्धित वडा कार्यालयका जनप्रतिधिको रोहवरमा बिपन्न समूदायको भेला गरी बिपन्न लक्षित बर्ग बिशेष कार्यक्रम संचालक समिति गठन गरी सो को निर्णय प्रतिलिपि ।
२. समितिका पदाधिकारी हरुको नागरिकता प्रमाण-पत्रको प्रतिलिपि ।
३. सम्बन्धित वडा कार्यालयको शिफारिस पत्र ।
४. अनुसूचि ४ बमोजिमको निबेदन ।

भरत बहादुर वस्नेत
निमित्त प्रमुख

☎ ०८८–५३००१९

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि विकास कार्यालय**
**रूकम (पश्चिम भाग)**
कार्यालय कोड नं: ३१२०१५९०२६

पत्र संख्याः-२०८२/८३ प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/०९/१३
सूचना नं.-९

विषयः **मागमा आधारित साना सिचाई योजना निर्माण तथा मर्मत सम्भार लागि आवेदन पेश गर्ने सम्बन्धि सूचना !!!**

यस कार्यालयको आर्थिक वर्ष २०८२/८३ को स्विकृत बार्षिक कार्यक्रम अनुसार मागमा आधारित साना सिचाई योजना निर्माण तथा मर्मत सम्भार कार्यक्रम संचालन गर्नु पर्ने भएकाले सिँचाई संरचना निर्माण तथा मर्मत गरी सिँचाइ सुबिधा बिस्तार गर्न इच्छुक समूदायबाट योजना मागका लागि आवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित मितिले ३० दिन भित्र (मिति २०८२/१०/१३ गते सम्म) कार्यालय समयमा आवश्यक कागजातहरु संलग्न राखी आवेदन पेश गर्न सूचित गराइन्छ । म्याद नाघी वा रित नपुगी प्राप्त हुनआएका निबेदनउपर कुनै कारवाही हुने छैन। यस सम्बन्धी थप जानकारीका लागि कार्यालयको *Website: adorukumwest.karnali.gov.np* हेर्न वा कार्यालयको टलिफोन नं. *८८-५३००१९* मा सम्पर्क गर्न सकिने छ ।

<u>आवश्यक कागजातहरु:</u>

१) मागमा आधारित साना सिचाई योजना निर्माण तथा मर्मत सम्भार गर्न निर्दिष्ट बिबरण भरिएको निबेदन ।
२) सम्बन्धित वडाका जनप्रतिनिधि उपस्थितिमा प्रस्ताबित सिंचाई प्रभाव क्षेत्रका कृषकहरु सम्मिलित उपभोक्ता समिति गठन भएको निर्णयको प्रतिलिपि,
३) उपभोक्ताहरुको तर्फबाट कारोवारमा सहभागिताका लागि आधिकारीक प्रतिनिधि तोकेको निर्णय प्रतिलिपि र तिनिहरुको नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।
४) सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र ।
५) नियमानुसार जम्मा गर्नु पर्ने राजश्व दाखिला भौचर वा नगदी रसिद ।

भरत बहादुर वस्नेत
निमित्त प्रमुख

☎ ०८८–५३००१९

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय

## रूकम (पश्चिम भाग)

कार्यालय कोड नं: ३१२०१५९०२६

पत्र संख्याः- २०८२/८३ प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/०९/१३

सूचना नं.-१०

विषयः **कार्यक्रममा सहभागिताका लागि आवेदन पेश गर्ने सम्बन्धि सूचना !!!**

यस कार्यालयको आर्थिक वर्ष २०८२/८३ को स्विकृत बार्षिक कार्यक्रम अनुसार तपसिल अनुसारका कार्यक्रमहरु संचालन गर्ने लक्ष रहेकाले लक्षित क्षेत्रका इच्छुक कृषि फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी संस्थाबाट कार्यक्रममा सहभागिताका लागि आवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित मितिले ३० दिन भित्र (मिति २०८२/०९/१३ गते सम्म) कार्यालय समयमा आवश्यक कागजातहरु संलग्न राखी आवेदन पेश गर्न सूचित गराइन्छ । म्याद नाघी वा रित नपुगी प्राप्त हुनआएका निबेदनउपर कुनै कारवाही हुने छैन। यस सम्बन्धी थप जानकारीका लागि कार्यालयको *Website: adorukumwest.karnali.gov.np* हेर्न वा कार्यालयको टलिफोन नं. *८८-५३००१९* मा सम्पर्क गर्न सकिने छ ।

<u>तपसिल</u>

| क्र.सं. | कार्यक्रम/क्रियाकलापको नाम | परिमाण | बजेट (रु. हजार) | कैफियत |
|---|---|---|---|---|
| १ | युवा लक्षित कार्यक्रम (रिटेर्नी, रिटेन, भुकम्प प्रभावित एवं बेरोजगार) | १ | ३००० | बिदेशबाट फर्किएका, भुकम्प प्रभावित, कृषि बिषय अध्यन गरेका तथा अन्य बेरोजगार युवाहरु |
| २ | लागत सहभागीतामा कृषि व्यवसाय कार्यक्रम (दुई हेक्टरमा) | १ | ३५०० | कम्तिमा दुई हेक्टर क्षेत्रफलमा ब्यावसायिक खेती गर्न चाहने फर्म/समूह/सहकारी |

<u>आवश्यक कागजातहरु:</u>

१) कृषक समूह/सहकारी/फर्म/कम्पनीको हकमा संस्था दर्ताको प्रमाण पत्र, स्थायी लेखा नंबर र कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि

२) कृषक समूह/सहकारी संस्था/समितिको हकमा अनुदान माग गर्ने निर्णयको प्रतिलिपि

३) ब्यक्तिगत कृषकको हकमा नागरिकता प्रमाण-पत्रको प्रतिलिपि ।

४) जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण-पत्रको प्रतिलिपि ।

५) खेती ब्यवसाय संचालन गर्न जग्गा भाडामा लिएको भए संझौता पत्रको प्रतिलिपि ।

६) अनुसूचि ४ बमोजिमको निबेदन ।

भरत बहादुर वस्नेत
निमित्त प्रमुख